याद राख्नुहोस्: अग्नि सुरक्षा तपाईंबाट सुरु हुन्छ

भवनवासीहरूले निम्न कुरा ध्यानमा राख्नुपर्छ:

- बाहिर निस्कने माध्यम र बाहिर निस्कने बाटोसँग परिचित हुनुपर्छ;
- आगलागीको समयमा निस्कनको लागि एउटा योजनाको विकास गर्नुपर्छ र एउटा भेला हुने स्थान निर्दिष्ट गर्नुपर्छ;
- भवनले आयोजना गरेको आगलागी रोकथाम सम्बन्धी वार्ताहरू र आगो निभाउने अभ्यासहरूमा भाग लिनुपर्छ;
- आगलागीको समयमा निस्कने बाटोहरू (मटान र भऱ्याङ सहित) अवरोध रहित छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ;
- धुवाँ रोक्ने ढोकाहरू, भुइँ तलाको बाहिर निस्कने ढोकाहरू र छतको बाहिर निस्कने ढोकाहरूमा ताला लगाइएको छैन भन्ने कुरा सुनिश्चित गर्नुपर्छ;
- आगलागी भएको स्थितिमा धुवाँ र आगोलाई फैलनबाट रोक्न र क्षतिलाई कम गर्न धुवाँ रोक्ने ढोकाहरूलाई बन्द राख्नुपर्छ;
- 2723 8787मा कल गरेर आगलागीको कुनैपनि जोखिमको बारेमा अग्नि सेवा विभागलाई रिपोर्ट गर्नुपर्छ।

अग्नि सेवा विभाग

आगलागीको

समयमा निस्कने बाटो

(尼泊爾)

आगलागीको समयमा निस्कने एउटा राम्रो योजनाले तपाईंको जीवन बचाउन सक्छ!

यदि तपाईंको युनिटमा आगलागी भयो भने

- नआत्तिनुहोस्;
- तपाईंको युनिटमा रहने सबै जनालाई बाहिर जान भन्नुहोस्;
- सबैभन्दा नजिकको भऱ्याङबाट बाहिर निस्कनुहोस्;
- अग्नि चेतावनी घण्टीलाई सक्रिय बनाउन माटनमा रहेको ब्रेकग्लास एकाइलाई फोड्नुहोस्;
- तपाईं सुरक्षित भएपछि आगलागीको बारेमा रिपोर्ट गर्न "999" मा कल गर्नुहोस्।

जब तपाईंले अग्नि चेतावनी घण्टीको आवाज सुनुहुन्छ तब

- प्रतिक्रिया जनाउनुहोस् र शीघ्र गर्नुहोस्;
- यदि अवस्थाले दिन्छ भने युनिटमा नै रहनुहोस्। यदि त्यहाँ आगलागी भएको छ भने, अग्नि सेवा विभागलाई सूचित गर्न "999" मा कल गर्नुहोस् र निम्न उपायहरू अपनाउनुहोस्:

युनिट छोड्नु अगाडि

- युनिटबाट बाहिर निस्कनुको जोखिमको मूल्याङ्कन गर्नुहोस्;
- युनिटमा नै रहने वा बाहिर निस्कने भन्ने बारेमा तुरुन्त फैसला गर्नुहोस्।

यदि तपाईंले युनिटमा नै रहने निर्णय गर्नुभयो भने

- ढोका बन्द गर्नुहोस् र यसको वरिपरि रहेका कुनैपनि प्वालहरूलाई डक्ट टेप र तौलियाहरूले बन्द गर्नुहोस्;
- यदि धुवाँ युनिट भित्र प्रवेश हुन जारी रहन्छ भने, "999" मा कल गर्नुहोस् र तपाईं कहाँ फस्नुभएको छ भन्ने कुराको बारेमा अग्नि सेवा विभागलाई सूचित गर्नुहोस्;
- धुवाँ रहित कोठामा सर्नुहोस्;
- बार्दलीमा वा झ्यालको नजिक खाटको तन्ना झुण्डाएर वा तौलिया हल्लाएर अग्नि कर्मचारी विभागलाई आफ्नो स्थान देखाउनुहोस्।

यदि तपाईंले युनिटबाट निस्कने निर्णय गर्नुभयो भने

- आफ्नो साथमा आगलागीको समयमा निस्कनको लागि काम लाग्ने तीनवटा उपयोगी वस्तुहरू (मोबाइल फोन, चाबीहरू र भिजेको तौलिया) ल्याउनुहोस्;
- यदि मटान धुवाँ रहित छ भने, तुरुन्त युनिटबाट निस्कनुहोस्;
- युनिटको ढोका बन्द गर्नुहोस्;
- सबैभन्दा नजिकको भऱ्याङबाट बाहिर निस्नुहोस् र लिफ्ट प्रयोग नगर्नुहोस्;
- यदि भऱ्याङमा धुवाँ छ भने, तुरुन्त अर्को भऱ्याङबाट बाहिर निस्कनुहोस्;
- यदि सुरक्षित निकास भएको कुनैपनि भऱ्याङ छैन भने, आफ्नो युनिटमा फर्कनुहोस् वा आश्रय लिन एउटा सुरक्षित स्थान नभेट्टाउँदासम्म अन्य युनिटहरूको ढोका ढकढक्याउने प्रयास गर्नुहोस्;
- यदि धुवाँले तपाईंको बाटो छेकिरहेको छ भने, भुइँमा घिस्रेर अगाडि बढ्नुहोस् किनभने जमीनको नजिक हावा अझ ताजा हुन्छ।